# स्थानीय तह निर्वाचन नियमावली, २०७३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७३।११।२४

संशोधन

| | |
|---|---|
| १. स्थानीय तह निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७३ | २०७३।१२।१७ |
| २. स्थानीय तह निर्वाचन (दोस्रो संशोधन) नियमावली, २०७४ | २०७४।०१।२८ |
| ३. स्थानीय तह निर्वाचन (तेस्रो संशोधन) नियमावली, २०७४ | २०७४।०३।१४ |
| ४. स्थानीय तह निर्वाचन (चौथौं संशोधन) नियमावली, २०७४ | २०७४।०७।०९ |
| ५. स्थानीय तह निर्वाचन (पाँचौं संशोधन) नियमावली, २०७६ | २०७६।०८।१६ |
| ६. स्थानीय तह निर्वाचन (छैटौं संशोधन) नियमावली, २०८१ | २०८१।०५।३१ |

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ।

नेपाल कानून आयोग

## परिच्छेद—१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "स्थानीय तह निर्वाचन नियमावली, २०७३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको गाउँपालिका सम्झनु पर्छ।

(ग) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ।

(ङ) "निर्वाचन चिन्ह" भन्नाले ऐनको दफा २६ बमोजिम आयोगले निर्धारण गरेको निर्वाचन चिन्ह सम्झनु पर्छ।

(च) "निर्वाचन प्रतिनिधि" भन्नाले उम्मेदवारले निर्वाचन प्रयोजनका लागि आफ्नो तर्फबाट गर्नुपर्ने काम गर्न नियम ३४ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ।

(छ) "मतगणना प्रतिनिधि" भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि नियम ३६ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ज) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि आयोगले ऐनको दफा २९ बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले मतदान उपकेन्द्रलाई समेत जनाउँछ।

(झ) "मतदान प्रतिनिधि" भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नको लागि नियम ३५ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ञ) "मनोनयनपत्र" भन्नाले निर्वाचनमा उम्मेदवारीको लागि निर्वाचन अधिकृत समक्ष पेश भएको मनोनयनपत्र सम्झनु पर्छ।

नेपाल कानून आयोग

## परिच्छेद–२

## निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार

३. **मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारः** ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त मुख्य निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) निर्वाचनको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि जिल्ला निर्वाचन कार्यालयबाट ऐनको दफा १० को उपदफा (२) बमोजिमका कर्मचारी तथा शिक्षकको विवरण माग गर्ने,

■(ख) खण्ड (क) बमोजिम विवरण प्राप्त भएपछि जिल्लाभित्रका निर्वाचन अधिकृतसँग समन्वय गरी जिल्लाभरका मतदान केन्द्रका लागि आवश्यक पर्ने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी तथा सहयोगी कर्मचारीको नियुक्ति र खटन-पटन गरी सोको विवरण सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,

०(ख१) आयोगबाट प्राप्त मतपत्र बुझी सम्बन्धित मतदान अधिकृतलाई बुझाउने,

०(ख२) मतदानको दिन आवश्यक सङ्ख्यामा घुम्ती टोली खटाई मतदान केन्द्रमा मतदान कार्यको अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने वा गराउने,

०(ख३) जिल्ला भित्रका गाउँ कार्यपालिका र नगर कार्यपालिकाका महिला तथा दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको लागि मतपत्रको व्यवस्था मिलाउने,

™(ख४) ................

(ग) निर्वाचन सम्पन्न भए पछि जिल्लाभित्रका निर्वाचन अधिकृतहरुबाट प्राप्त प्रतिवेदनको आधारमा एकमुष्ट प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्ने,

(घ) जिल्लाभित्रका निर्वाचन सम्बन्धी कामको सुपरिवेक्षण र समन्वयको लागि आयोगले तोके बमोजिमका अन्य काम गर्ने।

४. **निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

---

■ पहिलो संशोधनद्वारा संशोधित ।

० पहिलो संशोधनद्वारा थप ।

™ तेस्रो संशोधनद्वारा थप भई छैटौं संशोधनद्वारा झिकिएको ।

(क) आयोगबाट प्रकाशित निर्वाचन कार्यक्रम आफ्नो कार्यालय र सम्बन्धित स्थानीय तहको कार्यालयमा प्रकाशन गर्ने वा गराउने,

(ख) आयोगबाट प्राप्त भएको मतदानकेन्द्रको सूची आफ्नो कार्यालयमा प्रकाशन गर्ने वा गराउने,

(ग) निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक पर्ने सहायक निर्वाचन अधिकृत तथा अन्य कर्मचारी नियुक्ति गर्ने । यसरी नियुक्ति गर्दा जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारीहरु मध्येबाट गर्ने,

ॳ(घ) ............

ॳ(ङ) ............

■(च) सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि निर्वाचन तथा मतदान सम्बन्धी प्रक्रियाको विषयमा आयोजना गरिने तालीम कार्यक्रममा सरिक हुने,

ॳ(छ) .............

(ज) मतदानकेन्द्र तथा मतगणना गर्ने स्थान र सो कार्यमा खटिने कर्मचारीको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

■(झ) मतदानको दिन मतदान केन्द्रमा मतदान कार्यको अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने,

(ञ) मतदान कार्य समाप्त भएपछि मतदानकेन्द्रबाट मतगणना गर्न तोकिएको स्थानमा प्राप्त भएका मतपेटिका बुझी सुरक्षितसाथ राख्ने,

(ट) सम्बन्धित स्थानीय तहका सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

(ठ) मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणामको घोषणा गर्ने,

---

ॳ पहिलो संशोधनद्वारा झिकिएको।

■ पहिलो संशोधनद्वारा संशोधित।

(ड) निर्वाचन सम्पन्न भएपछि सोको परिणामको विवरण जिल्ला वा क्षेत्रीय निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत र आयोगमा पठाउने,

(ढ) आयोगबाट स्वीकृत स्थानीय तह निर्वाचन आर्थिक निर्देशिकामा उल्लेख भए बमोजिम खर्च लेख्ने र लेखा राख्ने,

°तर जिल्ला समन्वय समितिको निर्वाचनको हकमा आयोगबाट स्वीकृत जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका बमोजिम खर्च लेख्नु र लेखा राख्नु पर्नेछ।

(ण) निर्वाचन सम्बन्धी सम्पूर्ण खर्चको आन्तरिक लेखा परीक्षण गराई सो सम्बन्धी सम्पूर्ण विवरण ■सम्बन्धित जिल्ला वा क्षेत्रीय निर्वाचन कार्यालयमा बुझाउने,

(त) निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक व्यवस्था गर्ने,

(थ) प्रचलित कानूनी व्यवस्था र निर्वाचन आयोगले समय-समयमा दिएका आदेश वा निर्देशनहरुको अधीनमा रही निर्वाचन कार्यक्रम अनुसारका सबै कार्य सम्पन्न गर्ने।

(२) गाउँपालिका वा नगरपालिकाको निर्वाचनको लागि नियुक्त निर्वाचन अधिकृतले सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको लागि हुने निर्वाचनको लागि समेत निर्वाचन अधिकृतको रुपमा काम गर्नेछ।

## परिच्छेद—३

## उम्मेदवारको मनोनयन

५. **मनोनयनपत्र दर्ता गराउन सक्ने:** (१) निर्वाचनमा उम्मेदवार हुन चाहने संविधान र ऐन बमोजिम योग्यता पुगेको व्यक्तिले आफै वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक मार्फत निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा मनोनयनपत्र दर्ता गर्न वा गराउन सक्नेछ।

° पहिलो संशोधनद्वारा थप ।

■ पहिलो संशोधनद्वारा संशोधित ।

(२) कुनै दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिको हकमा उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता गर्दा सो दलबाट प्रदान गरिएको अनुसूची-२ बमोजिमको औपचारिक पत्र समेत दाखिला गर्नु पर्नेछ। त्यस्तो औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको सो दलको पदाधिकारीले त्यस्तो औपचारिक पत्रको एक प्रति निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा एक जनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सहिछाप गरेको हुनु पर्नेछ। त्यस्तो प्रस्तावक र समर्थकको नाम ऐनको दफा १७ को उपदफा (२) बमोजिमको मतदाता नामावलीमा दर्ता भएको व्यहोरा खुल्ने प्रमाण समेत मनोनयनपत्र साथ संलग्न गर्नु पर्नेछ।

(४) कुनै व्यक्तिले एउटै पदको निर्वाचनको लागि भिन्नाभिन्नै प्रस्तावक र समर्थक रहेका बढीमा दुई वटा मनोनयनपत्र दर्ता गर्न सक्नेछ।

(५) उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता गर्न अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यको हकमा ऐनको दफा ६२ बमोजिम र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्य र जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको हकमा नियम ३२ बमोजिमको रकम आयोगले तोकेको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नगदी रसिद समेत पेश गर्नु पर्नेछ।

(६) उपनियम (१) बमोजिम पेश भएको मनोनयनपत्र जाँच गर्दा रीतपूर्वकको देखिएमा निर्वाचन अधिकृतले त्यस्तो मनोनयनपत्र दर्ता गरी मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई अनुसूची-३ बमोजिमको निस्सा दिनु पर्नेछ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा रीत नपुगेको जति सच्याउन लगाई त्यस्तो मनोनयनपत्र दर्ता गरिदिनु पर्नेछ। त्यसरी रीत नपुगेको कुरा सच्याउनु पर्ने व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई मनोनयनपत्र दर्ता गरिदिनु पर्नेछ।

६. **<u>मनोनयनपत्र साथ उम्मेदवारले पेश गर्नु पर्ने कागजात:</u>** नियम ५ मा उल्लिखित कागजातको अतिरिक्त उम्मेदवारले मनोनयनपत्र साथ देहायका कागजातहरु समेत पेश गर्नु पर्नेछः—

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) वडा अध्यक्ष र वडा सदस्य पदको लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(ग) दलित महिला वडा सदस्य पदको लागि सम्बन्धित ■<u>गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले</u> दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,

(घ) अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(ङ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा,

(च) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(छ) गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि सम्बन्धित ■<u>गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले</u> दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,

(ज) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदको लागि सम्बन्धित जिल्लाभित्रका गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा।

७. **<u>उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने:</u>** निर्वाचन अधिकृतले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि नियम ५ बमोजिम दर्ता भएको मनोनयनपत्रमा उल्लिखित

■ पहिलो संशोधनद्वारा संशोधित ।

उम्मेदवारहरुको नामावली अनुसूची-४ बमोजिमको ढाँचामा तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

८. **उम्मेदवारको विरोधमा उजूरी दिन सक्नेः** नियम ७ बमोजिम प्रकाशित उम्मेदवारको नामावलीमा नाम समावेश भएको उम्मेदवारको योग्यताको सम्बन्धमा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले उजूरी दिन चाहेमा निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृत समक्ष अनुसूची-५ बमोजिमको ढाँचामा उजूरी दिन सक्नेछ ।

९. **मनोनयनपत्र जाँच गर्नेः** (१) निर्वाचन अधिकृतले नियम ५ बमोजिम दर्ता भएको मनोनयनपत्र जाँच गर्दा नियम ८ बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम मनोनयनपत्रको जाँच गर्दा कुनै मनोनयनपत्र रीत नपुगेको देखिएमा त्यस्तो मनोनयनपत्र खारेज गर्नु पर्नेछ।

(३) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम मनोनयनपत्रको जाँच गर्दा कुनै व्यक्तिको एकभन्दा बढी मनोनयनपत्र दर्ता भएकोमा त्यस्ता मनोनयनपत्रहरु रीतपूर्वक देखिएमा सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधिलाई कुनै एउटा मनोनयनपत्र कायम गर्न लगाई अर्को मनोनयनपत्र खारेज गर्नु पर्नेछ।

तर सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा निर्वाचन अधिकृतले पहिले दर्ता भएको मनोनयनपत्र कायम गरी अर्को मनोनयनपत्र खारेज गर्नेछ।

१०. **उम्मेदवारको नामावली तयार गर्नेः** निर्वाचन अधिकृतले नियम ९ बमोजिम मनोनयनपत्रको जाँच गरिसकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारहरुको नामावली अनुसूची-६ बमोजिमको ढाँचामा तयार गरी त्यसको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

११. **उम्मेदवारले नाम फिर्ता लिन सक्नेः** (१) नियम १० बमोजिम उम्मेदवारको नामावली प्रकाशन भएपछि कुनै उम्मेदवारले ऐनको दफा २३ बमोजिम नाम फिर्ता लिन चाहेमा अनुसूची-७ बमोजिमको ढाँचामा निर्वाचन अधिकृतसमक्ष लिखित सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै उम्मेदवारको नाम फिर्ता लिने निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो सम्बन्धमा जाँच गर्दा व्यहोरा मनासिब देखेमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनु पर्नेछ।

१२. **उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेः** नियम ११ बमोजिम उम्मेदवारले नाम फिर्ता लिन तोकिएको समायावधि समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारको अन्तिम नामावली अनुसूची-८ बमोजिम तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गरी त्यसको एक प्रति आयोगमा पठाउनु पर्नेछ।

१३. **निर्विरोध निर्वाचित भएको घोषणाः** (१) ऐनको दफा २५ बमोजिम कुनै उम्मेदवार निर्विरोध निर्वाचित भएमा निर्वाचन अधिकृतले अनुसूची-९ बमोजिम त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नु पर्नेछ र सो घोषणाको एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी सोको जानकारी आयोगलाई तुरुन्त गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्विरोध निर्वाचित भएको उम्मेदवारलाई त्यस्तो स्थानीय तहको निर्वाचन परिणाम प्राप्त भएपछि मात्र प्रमाणपत्र दिइनेछ।

❖(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको सबै पदमा निर्विरोध निर्वाचन भएमा त्यस्तो स्थानीय तहको लागि मतदान हुन तोकिएको मितिमा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मानिनेछ र त्यसरी निर्विरोध निर्वाचित भएका उम्मेदवारलाई सोही मितिमा प्रमाणपत्र दिइनेछ।

१४. **निर्वाचन चिन्हः** (१) निर्वाचन अधिकृतले ऐनको दफा २६ को उपदफा (६) बमोजिमका दलका उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा त्यस्तो दलको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम निर्वाचन चिन्ह प्राप्त नगर्ने दलको उम्मेदवार वा स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा आयोगले स्वतन्त्र रुपमा खडा भएका उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरेका निर्वाचन चिन्हहरुको समूहबाट निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ।

---

❖ दोस्रो संशोधनद्वारा थप ।

(३) निर्वाचन अधिकृतले उपनियम (२) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा त्यस्ता उम्मेदवारलाई निर्वाचन चिन्ह रोज्न लगाई उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ।

तर निर्वाचन चिन्ह प्रदान गर्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिले रोजी बाँकी रहेको निर्वाचन चिन्हबाट निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नेछ।

(४) उपनियम (३) बमोजिम निर्वाचन चिन्ह रोज्न लगाउँदा एक भन्दा बढी उम्मेदवारले एउटै निर्वाचन चिन्ह रोजेमा त्यस्तो उम्मेदवारको ■नामको वर्णानुक्रमको आधारमा निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ।

(५) निर्वाचन अधिकृतले यस नियम बमोजिम निर्वाचन चिन्ह प्रदान गरेको सूचना अनुसूची-१० बमोजिम आफ्नो कार्यालयमा प्रकाशन गरी सोको जानकारी आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

१५. **उम्मेदवारलाई परिचयपत्र दिनेः** नियम १२ बमोजिम प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेको उम्मेदवारलाई निर्वाचन अधिकृतले अनुसूची-११ बमोजिमको उम्मेदवार परिचयपत्र दिनेछ।

## परिच्छेद-४

## मतदान केन्द्र,मतपत्र र मतपेटिका

१६. **मतदान केन्द्र तोक्नेः** (१) आयोगले ऐनको दफा २९ को उपदफा (१) बमोजिम मतदान केन्द्र तोक्दा मतदाताको सङ्ख्या तथा सुरक्षा अवस्थालाई समेत ध्यान दिई सकभर मतदातालाई पायक पर्ने गरी सार्वजनिक स्थानमा तोक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मतदान केन्द्र तोक्दा एउटा वडामा कम्तीमा एउटा मतदान केन्द्र पर्ने गरी तोक्नु पर्नेछ।

(३) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिमको मतदान केन्द्रको सूची अनुसूची-१२ बमोजिम आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

■ पहिलो संशोधनद्वारा संशोधित ।

(४) उपनियम (३) बमोजिम मतदान केन्द्रको सूची प्रकाशन गर्दा कुन कुन गाउँ वा टोलका मतदाताहरुले कुन मतदान केन्द्रमा मतदान गर्न पाउने हो सो कुरा समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(५) सुरक्षा तथा सुविधाको दृष्टिकोणबाट मतदान केन्द्र तोक्दा अपनाउनु पर्ने अन्य आधारहरु आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **मतदान केन्द्रको क्षेत्र तोक्नेः** मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया तीन सय मिटरसम्मको क्षेत्रलाई चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नेछ र त्यसको सूचना अनुसूची-१३ बमोजिमको ढाँचामा मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ।

१८. **मतपत्रमा क्रमसङ्ख्या उल्लेख हुनु पर्नेः** (१) ऐनको दफा ३० को उपदफा (१) बमोजिमको मतपत्रको अर्धकट्टीमा सिलसिलेवार रुपमा मतपत्रको क्रमसङ्ख्या उल्लेख भएको हुनु पर्नेछ।

(२) प्रत्येक मतदान केन्द्रमा सो मतदान केन्द्रको लागि आयोगले निश्चित गरेको क्रमसङ्ख्या अनुसारका मतपत्रहरु मात्र प्रयोग गर्नु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान केन्द्रमा पुनः मतदान गराउनु पर्ने भएमा निर्वाचन अधिकृतले आयोगको स्वीकृति लिई निर्वाचन अधिकृतसँग बाँकी रहेका अन्य क्रमसङ्ख्याका मतपत्रहरु निश्चित गरी मतदान अधिकृतलाई उपलब्ध गराउन सक्नेछ। त्यसरी उपलब्ध गराएका मतपत्रको विवरणको एकप्रति निर्वाचन अधिकृतले राख्नु पर्नेछ।

१९. **मतपत्र दिने कार्यविधिः** (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले मतदाता परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ छैन र मतदाता नामावलीमा भएको व्यहोरासँग भिड्छ भिड्दैन सो जाँच गर्नेछ। त्यसरी जाँच गर्दा मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजलाई मतदान गर्न मतपत्र दिनेछ।

(२) उपनियम (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचूक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतदान गर्न मतपत्र दिनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिनुअघि मतदान अधिकृतले त्यस्तो मतपत्रमा दस्तखत गर्नु पर्नेछ।

(४) उपनियम (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा रहेको निजको नाममा निजले मतदान गरेको व्यहोरा जनिने गरी सङ्केत गर्नु पर्नेछ।

२०. **मतदान गर्ने तरीका:** (१) मतदाताले मतपत्र लिएपछि मत सङ्केत गर्ने गोप्य स्थानमा गई आफूले रोजेको उम्मेदवारको चिन्ह भएको मतपत्रको कोठामा आयोगले उपलब्ध गराएको स्वस्तिक (卐) चिन्ह भएको छाप लगाई सो मतपत्रलाई पट्याई मतपेटिका भित्र खसाल्नु पर्नेछ।

(२) मत सङ्केतको लागि छाप लगाउने गोप्य स्थानमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिइनेछ।

(३) कुनै मतदाता मत सङ्केत गर्ने गोप्य स्थानमा मतपत्रमा मत सङ्केत गर्ने छाप लगाउने र मतपत्र पट्याउन लाग्ने समयभन्दा बढी समयसम्म बसेको छ भन्ने मतदान अधिकृतलाई लागेमा निजले सो गोप्य स्थानको निरीक्षण गर्न र त्यहाँ रहेको मतदातालाई बाहिर पठाउन सक्नेछ।

(४) कुनै मतदाताले मतपत्र बुझी लिएपछि मतदान नगर्ने निश्चय गरेमा सो मतपत्र मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कसैले मतदान नगरी मतपत्र फिर्ता गरेमा मतदान अधिकृतले सोको अभिलेख राखी त्यस्तो मतपत्र छुट्टै खामबन्दी गरी राख्नु पर्नेछ।

२१. **नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्ने:** (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्नको लागि मतपत्र लिन आएमा उम्मेदवार वा निजको

प्रतिनिधि वा सोही मतदान केन्द्रका मतदाताले एक सय रुपैयाँ नगदै धरौटी राखी मतदान अधिकृत समक्ष अनुसूची-१४ बमोजिमको निवेदन दिई विरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा मतदान अधिकृतले सो सम्बन्धमा आवश्यक प्रमाण बुझी निर्णय गर्नु पर्नेछ र त्यसरी पर्न आएको विरोधको छोटकरी विवरण र सोको निर्णय अनुसूची-१५ बमोजिमको निर्णय किताबमा जनाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निर्णय गर्दा विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ। विरोध ठीक नठहरेमा सो धरौटी रकम जफत हुनेछ।

२२. **<u>विद्युतीय उपकरणको प्रयोगः</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान गर्ने प्रयोजनको लागि आयोगले कुनै वा सबै स्थानीय तहको निर्वाचनमा विद्युतीय उपकरणको प्रयोग गर्ने व्यवस्था गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम आयोगले विद्युतीय उपकरण प्रयोग गर्ने व्यवस्था गरेको स्थानीय तहमा मतदाताले मतदान गर्दा विद्युतीय उपकरणको प्रयोग गर्नु पर्नेछ।

(३) विद्युतीय उपकरण प्रयोग गर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२३. **<u>मतदान रोक्न सक्नेः</u>** (१) कुनै विशेष वा असामान्य परिस्थिति उत्पन्न भई मतदान सुचारु रुपमा हुन नसक्ने अवस्था आएमा मतदान अधिकृतले सूचना प्रकाशन गरी केही समयको लागि समय तोकी मतदान रोक्न आदेश दिन सक्नेछ। यसरी मतदान रोकिएको जानकारी मतदान अधिकृतले निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको समयभित्र पुनः मतदान सुचारु गर्न नसकिने भएमा मतदान अधिकृतले सो दिनको मतदान ऐनको दफा ४० बमोजिम स्थगित गर्न सक्नेछ।

२४. **<u>पुनः मतदानको लागि मिति र समय तोक्नेः</u>** (१) निर्वाचन अधिकृतले ऐनको दफा ३९, ४० वा ४१ बमोजिम मतदान रद्द वा स्थगित भएको मतदान केन्द्रमा पुनः मतदानको लागि यथाशीघ्र अर्को मिति र समय तोकी सोको जानकारी आयोगलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पुनः मतदानको लागि मिति र समय तोकिएको सूचना अनुसूची-१६ बमोजिम सम्बन्धित मतदान केन्द्र रहेको स्थानमा यथाशीघ्र प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-५

## मतगणना र निर्वाचन परिणाम

२५. **मतगणना सम्बन्धी सूचना प्रकाशन गर्नु पर्ने:** (१) निर्वाचन अधिकृतले मतदान हुने दिन भन्दा अगावै मतगणना गरिने स्थान तोकी सोको सूचना अनुसूची-१७ बमोजिम आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहका सबै मतदान केन्द्रबाट मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने मिति र समय उल्लेख गरी सम्बन्धित उम्मेदवारको जानकारीको लागि सोको सूचना अनुसूची-१८ बमोजिम आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

२६. **मतगणना शुरु गर्ने:** (१) निर्वाचन अधिकृतले नियम २५ को उपनियम (१) र (२) बमोजिम तोकिएको स्थान, मिति र समयमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा मुचुल्का गराई मतगणना शुरु गर्नु पर्नेछ।

तर कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको कारणबाट मतगणना गर्ने कार्यमा बाधा पुगेको मानिने छैन।

(२) उपनियम (१) बमोजिम मतगणना शुरु भएको जानकारी निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ।

२७. **मतपेटिका जाँच गर्ने:** (१) मतगणना प्रारम्भ भएको मुचुल्का गरिसकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछः—

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ छैन,

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सिलनम्बर र मतपेटिकाको सङ्ख्या उल्लेख गरिएको छ छैन,

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षण सिल दुरुस्त छ छैन।

(२) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम मतपेटिकाको जाँच गरेको मुचुल्का गराई राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा सोही व्यहोरा खुलाई मुचुल्का गराई उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको सहिछाप गराई राख्नु पर्नेछ। त्यसरी मुचुल्का तयार भएपछि त्यस्ता मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ।

२८. **<u>मतगणनाः</u>** (१) नियम २७ बमोजिम मतपेटिका जाँच गरेपछि निर्वाचन अधिकृतले मतगणना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मतगणना गर्दा गाउँपालिका वा नगरपालिकाको निर्वाचनको हकमा प्रत्येक वडाको मतपेटिका अलग अलग रुपमा गणना गर्नु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम मतगणना कार्य समाप्त भएपछि नियम २७ को उपनियम (३) बमोजिम कैफियत देखिएका मतपेटिकाको सम्बन्धमा सहमति कायम गरी मतपत्र गणना गर्नु पर्नेछ। सहमति कायम हुन नसकेमा आयोगलाई जानकारी गराई आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम मतगणना गर्दा ⊛<u>प्राप्त भएको मतको आधारमा</u> मतगणना तालिका तयार गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम मतगणना तालिका तयार गर्दा गाउँपालिका वा नगरपालिकाको हकमा प्रत्येक वडाको अलग अलग मतगणना तालिका तयार गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम तयार भएका सबै वडाको मतगणना तालिका बमोजिम अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखले प्राप्त गरेको मतको आधारमा छुट्टै तालिका तयार गर्नु पर्नेछ।

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

(७) उपनियम (४), (५) वा (६) बमोजिम मतगणना तालिका तयार गरिसकेपछि सोही आधारमा अनुसूची-२० बमोजिम निर्वाचन परिणाम घोषणा गरी प्रकाशन गर्नु पर्नेछ।

(८) निर्वाचन अधिकृतले उपनियम (७) बमोजिम घोषणा गरेको निर्वाचन परिणामको एक प्रति आयोगमा तुरुन्त पठाउनु पर्नेछ।

(९) निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गरिसकेपछि निर्वाचित उम्मेदवारलाई अनुसूची-२१ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

(१०) निर्वाचन अधिकृतले उपनियम (७) बमोजिम निर्वाचन परिणाम प्रकाशन गरिसकेपछि मतदाता सङ्ख्या, उम्मेदवारको विवरण, खसेको मत, बदर मत, उम्मेदवारले प्राप्त गरेको मत, निर्वाचित उम्मेदवारको विवरण, निर्वाचनमा खटिएका कर्मचारीको विवरण, निर्वाचनमा भएको खर्च विवरण तथा आयोगले तोके बमोजिमका अन्य विवरण समावेश गरिएको प्रतिवेदन तयार गरी मुख्य निर्वाचन अधिकृत समक्ष पठाउनु पर्नेछ।

(११) मुख्य निर्वाचन अधिकृतले उपनियम (१०) बमोजिम निर्वाचन अधिकृतबाट प्राप्त भएका प्रतिवेदन समेतका आधारमा जिल्ला भरीको विवरण समावेश गरिएको प्रतिवेदन तयार गरी आयोग समक्ष पठाउनु पर्नेछ।

## परिच्छेद-६

## गाउँ कार्यपालिका र नगर कार्यपालिकाका सदस्य तथा जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी विशेष व्यवस्था

२९. **निर्वाचन अधिकृतः** (१) गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा निर्वाचित हुने महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचन गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको निर्वाचनको लागि खटिएको निर्वाचन अधिकृतको हुनेछ।

Ψ(२) जिल्ला समन्वय समितिको निर्वाचनको प्रयोजनको लागि आयोगले तोकेको अधिकृत कर्मचारीले निर्वाचन अधिकृतको रुपमा काम गर्नेछ।

™(२क) ................

Ψ छैटौं संशोधनद्वारा संशोधित ।

™ तेस्रो संशोधनद्वारा थप भई छैटौं संशोधनद्वारा झिकिएको ।

Ω(२ख) .....

(३) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त Ψउपनियम (१) वा (२) बमोजिमको निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) आयोगसँग समन्वय गरी उपनियम (१) वा (२) बमोजिमको निर्वाचनको लागि निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गर्ने,

(ख) सम्बन्धित निर्वाचनमा मतदाता हुने सदस्यहरुको नाम मतदाताको रुपमा सूचीकृत गरी मतदाता नामावली प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिमको सूचीमा प्रकाशित नामावलीमा उल्लिखित विवरणमा कुनै त्रुटी भएमा सम्बन्धित व्यक्तिको निवेदनको आधारमा आवश्यक जाँचबुझ गरी सच्याउने,

(घ) सम्बन्धित निर्वाचनको लागि मतदान अधिकृतको रुपमा मतदान सम्पन्न गर्ने वा गराउने ।

३०. **निर्वाचन कार्यक्रमको सूचना टाँस गर्नु पर्नेः** (१) नियम २९ को Ψउपनियम (१) वा (२) बमोजिमका निर्वाचन अधिकृतले सो नियमको उपनियम (३) को खण्ड (क) बमोजिम निर्वाचन कार्यक्रम तयार गर्दा देहाय बमोजिमका कार्यक्रम क्रमबद्ध रुपमा उल्लेख गर्नु पर्नेछ र त्यस्तो कार्यक्रम सञ्चालन गरिने मिति, समय र स्थान समेत तोक्नु पर्नेछः—

(क) मतदाता नामावली प्रकाशन गर्ने,

(ख) मतदाता नामावली सच्याउन निवेदन दिने,

(ग) उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने,

(घ) मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने,

(ङ) उम्मेदवारको विरोधमा उजूरी दिने,

(च) मनोनयन पत्रको जाँच गर्ने,

---

Ω चौथो संशोधनद्वारा थप भई छैटौं संशोधनद्धारा झिकिएको।

Ψ छैटौं संशोधनद्धारा संशोधित ।

(छ) उम्मेदवारको नामावली प्रकाशन गर्ने,

(ज) उम्मेदवारले नाम फिर्ता लिने,

(झ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,

(ञ) उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने, र

(ट) मतदान गर्ने।

(२) नियम २९ को उपनियम (१) बमोजिमको निर्वाचन अधिकृतले गाउँसभा वा नगरसभाको निर्वाचन घोषणा भएको तीन दिनभित्र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्वाचनको कार्यक्रम प्रकाशन गर्नु पर्नेछ।

(३) नियम २९ को [Ψ]<u>उपनियम (२) बमोजिमको</u> निर्वाचन अधिकृतले जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी कार्यक्रम आयोगले तोके बमोजिम आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

(४) सम्बन्धित निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गरेको जानकारी सम्भव भएसम्म सम्बन्धित राजनीतिक दलका कार्यालयलाई दिनु पर्नेछ।

३१. **<u>उम्मेदवारको योग्यताः</u>** (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य रहेको महिला उम्मेदवार हुन सक्नेछ।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति उम्मेदवार हुन सक्नेछः—

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) ऐनको दफा १३ बमोजिम अयोग्य नभएको,

---

Ψ छैटौं संशोधनद्वारा संशोधित ।

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको।

(३) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदको लागि देहाय बमोजिमको व्यक्ति उम्मेदवार हुन सक्नेछः–

(क) महिला सदस्य पदको लागि जिल्लाभित्रको कुनै गाउँसभा वा नगरसभाको सदस्य भएको महिला,

(ख) दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि जिल्लाभित्रको कुनै गाउँसभा वा नगरसभाको सदस्य भएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति,

(ग) प्रमुख, उपप्रमुख वा अन्य सदस्य पदको लागि जिल्लाभित्रको कुनै गाउँसभा वा नगरसभाको सदस्य भएको व्यक्ति।

३२. **<u>धरौटी राख्नु पर्नेः</u>** (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्य वा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्य पदको उम्मेदवार हुनको लागि देहाय बमोजिमको रकम धरौटी राख्नु पर्नेछः–

(क) गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको लागि दुईसय पचास रुपैयाँ,

(ख) जिल्ला समन्वय समितिको सदस्यको लागि एकहजार पाँचसय रुपैयाँ,

(ग) जिल्ला समन्वय समितिको प्रमुख तथा उपप्रमुखको लागि दुईहजार रुपैयाँ।

(२) उपनियम (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा पचास प्रतिशत छुट हुनेछ।

<u>स्पष्टीकरणः</u> यस उपनियमको प्रयोजनका लागि “आर्थिक रुपले विपन्न व्यक्ति” भन्नाले वार्षिक पारिवारिक आय पचासहजार रुपैयाँभन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ।

(३) उपनियम (१) बमोजिमको निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशत भन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ।

तर निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू हुने छैन।

(४) उपनियम (३) बमोजिम धरौटी जफत हुने अवस्थामा बाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी त्यस्तो निर्वाचन परिणाम घोषणा भएको मितिले नब्बे दिनभित्र सम्बन्धित व्यक्तिले फिर्ता लिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र धरौटी फिर्ता नलिएमा त्यस्तो धरौटीको रकम सञ्चित कोषमा दाखिला हुनेछ।

३३. **निर्वाचन प्रणाली:** (१) गाउँसभा वा नगरसभाका सदस्य मध्येबाट निर्वाचित हुने गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला सदस्यको लागि हुने निर्वाचनमा गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने चारजना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँचजना उम्मेदवार गोप्य मतदानद्वारा निर्वाचित हुनेछन्।

(२) गाउँ कार्यपालिका र नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्यको लागि हुने निर्वाचनमा गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना उम्मेदवार गोप्य मतदानद्वारा निर्वाचित हुनेछन्।

(३) जिल्लाभित्रका गाउँसभा वा नगरसभाका सदस्यहरु मध्येबाट निर्वाचित हुने जिल्ला समन्वय समितिको निर्वाचनमा सबैभन्दा बढी मत प्राप्त गर्ने एकजना प्रमुख, एकजना उपप्रमुख, कम्तीमा तीनजना महिला र कम्तीमा एकजना दलित वा अल्पसङ्ख्यक समुदायका व्यक्ति समेत बढीमा नौजना सदस्य गोप्य मतदानद्वारा निर्वाचित हुनेछन्।

❖३३क. **शपथ नलिई निर्वाचनमा संलग्न हुन नपाउने:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँसभा वा नगरसभाको कुनै पदमा निर्वाचित भएको व्यक्तिले दफा

❖ दोस्रो संशोधनद्वारा थप ।

३८क. बमोजिम सो पदको शपथ नलिएसम्म गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचन तथा जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी देहायको कुनै कार्यमा संलग्न हुन पाउने छैनः—

(क) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्यको निर्वाचनमा उम्मेदवार हुन, उम्मेदवारको प्रस्तावक वा समर्थक हुन र मतदान गर्न,

(ख) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनमा उम्मेदवारको प्रस्तावक वा समर्थक हुन र मतदान गर्न,

(ग) जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार हुन, उम्मेदवारको प्रस्तावक वा समर्थक हुन र मतदान गर्न।

## परिच्छेद—७

## उम्मेदवारको प्रतिनिधि

३४. **निर्वाचन प्रतिनिधिः** (१) उम्मेदवारले निर्वाचनको कामको लागि आफूले गर्नु पर्ने काम गर्न एकजना निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(२) कुनै व्यक्ति निर्वाचन प्रतिनिधि हुन देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः—

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएकोे,

(ग) सम्बन्धित पदको निर्वाचनको लागि तयार भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) साधारण लेखपढ गर्न जानेको,

(ङ) ऐनको दफा १३ बमोजिम अयोग्य नभएको,

(च) अन्य प्रचलित कानूनले अयोग्य नभएको।

(३) निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्यमा उम्मेदवारको प्रतिनिधित्व गर्ने,

(ख) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्य गर्दा तयार गर्नुपर्ने विभिन्न मुचुल्कामा उम्मेदवारको प्रतिनिधिको रुपमा सहिछाप गर्ने,

(ग) निर्वाचन स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने।

(४) उपनियम (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त गरेको अवस्थामा उम्मेदवारले निर्वाचन अधिकृतलाई अनुसूची-२२ बमोजिम जानकारी दिनु पर्नेछ।

(५) निर्वाचन अधिकृतले निर्वाचन प्रतिनिधिलाई अनुसूची-२३ बमोजिमको परिचयपत्र दिनु पर्नेछ।

३५. **मतदान प्रतिनिधिः** ■(१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा आफूले गर्नु पर्ने काम गर्न अनुसूची-२४ बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ। त्यसरी मतदान प्रतिनिधि नियुक्त गर्दा एकै दलको तर्फबाट उम्मेदवार भएका सबै उम्मेदवारले समन्वय गरी एउटा मतदान केन्द्रमा एकजना मात्र मतदान प्रतिनिधि नियुक्त गर्नु पर्नेछ। स्वतन्त्र उम्मेदवारको हकमा सम्बन्धित उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधिहरुले आपसमा समन्वय गरी एउटा मतदान केन्द्रमा सम्भव भएसम्म एकजना मात्र मतदान प्रतिनिधि नियुक्त गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र साधारण लेखपढ गर्न जान्ने व्यक्तिलाई मतदान प्रतिनिधि नियुक्त गर्न सकिनेछ।

(३) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले उपनियम (१) बमोजिम मतदान प्रतिनिधि नियुक्त गरेको जानकारी सम्बन्धित मतदान केन्द्रको मतदान अधिकृतलाई दिनु पर्नेछ।

(४) मतदान प्रतिनिधिलाई मतदान अधिकृतले अनुसूची-२५ बमोजिमको परिचयपत्र दिनु पर्नेछ।

---

■ पहिलो संशोधनद्वारा संशोधित ।

(५) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्नु तथा मतदान सम्बन्धी कार्यमा तयार गर्नु पर्ने मुचुल्कामा सहिछाप गर्नु मतदान प्रतिनिधिको कर्तव्य हुनेछ।

३६. **<u>मतगणना प्रतिनिधिः</u>** (१) मतगणना सम्बन्धी कामको लागि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन अधिकृतबाट तोकिएको सङ्ख्यामा अनुसूची-२६ बमोजिम मतगणना प्रतिनिधि नियुक्त गरी सोको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र साधारण लेखपढ गर्न जान्ने व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्न सकिनेछ।

(३) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक मतगणना प्रतिनिधि निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ।

(४) उपनियम (१) बमोजिम नियुक्त मतगणना प्रतिनिधिलाई निर्वाचन अधिकृतले अनुसूची-२५ बमोजिमको परिचयपत्र दिनु पर्नेछ।

(५) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्नु र मतगणना गर्दा तयार गर्नु पर्ने मुचुल्कामा सहिछाप गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ।

## परिच्छेद–८

## <u>विविध</u>

३७. **<u>अनुमतिपत्र दिनेः</u>** मतदान केन्द्रमा प्रवेशको लागि मतदान अधिकृतले र मतगणना गर्ने स्थलमा प्रवेशको लागि निर्वाचन अधिकृतले अनुसूची-२७ बमोजिमको अनुमति पत्र दिनेछ ।

३८. **<u>निविदा मतपत्र दिने कार्यविधिः</u>** (१) कुनै मतदाताले आफ्नो नामबाट अरु कसैले मतपत्र लिइसकेको वा मतदान गरिसकेको र आफू नै वास्तविक मतदाता हो भनी दावी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष अनुसूची-२८ बमोजिमको ढाँचामा आफ्नो परिचय खुल्ने प्रमाण सहित संलग्न राखी आफू नै वास्तविक मतदाता भएको दावी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम दावी गरिएको अवस्थामा मतदान अधिकृतले दावीकर्ताको दावी बमोजिम निज वास्तविक मतदाता हो होइन भन्ने कुरा बुझ्नु पर्नेछ।

दावीकर्ताले लिखित रुपमा आफ्नो परिचयको प्रमाण, परिचयपत्र, नागरिकताको प्रमाणपत्र वा निजको परिचय खुल्ने अन्य प्रमाण प्रस्तुत गरेमा सोको प्रतिलिपि मतदान अधिकृतले लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रस्तुत प्रमाणबाट दावीकर्ता वास्तविक मतदाता हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा मतदान अधिकृतले सो कुरा जनाई अभिलेख राखी निर्णय गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम निर्णय गरेपछि मतदान अधिकृतले अनुसूची-२९ बमोजिमको ढाँचामा निविदा मतपत्रको लगतमा उल्लेख गर्नु पर्नेछ र लगतमा दावीकर्ताको सहिछाप समेत गराई मतपत्रमा मतदान अधिकृतले सही गर्ने ठाउँको बाँयातिरको खाली ठाउँमा "निविदा मतपत्र" लेखी सो मतपत्र दावीकर्ता मतदातालाई दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको मतपत्रमा मतदाताले मतसङ्केत गरिसकेपछि मतपेटिका भित्र नखसाली निविदा मतपत्र राख्ने छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ।

(६) मतदान अधिकृतले दावीकर्ताको विवरण, दावीकर्ताको प्रमाणको विवरण र निर्णय समेतको छुट्टै अभिलेख राख्नु पर्नेछ।

[५]३८क. **<u>शपथः</u>** निर्वाचित अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य, जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

३९. **<u>अयोग्यता सम्बन्धी उजूरीः</u>** ऐन तथा यस नियमावली बमोजिम निर्वाचित कुनै व्यक्ति सो पदको लागि अयोग्य रहेको भनी त्यस्तो पदमा उम्मेदवारी दिएको कुनै व्यक्तिले निर्वाचन परिणाम घोषणा भएको पैंतीस दिनभित्र आफैले वा वारिसमार्फत सम्बन्धित प्रदेशको उच्च अदालतमा उजूरी दिन सक्नेछ।

---

[५] पाँचौं संशोधनद्वारा संशोधित ।

४०. **निर्वाचन खर्चः** उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण अनुसूची-३० बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको तीस दिनभित्र सम्बन्धित जिल्ला वा क्षेत्रीय निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

४१. **मुचुल्काको ढाँचाः** यस नियमावलीमा उल्लेख भए बाहेक निर्वाचन प्रयोजनको लागि आवश्यक पर्ने अन्य मुचुल्का तथा फारामहरुको ढाँचा आयोगले बनाएको निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ।

४२. **अनुसूचीमा हेरफेरः** आयोगले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

नेपाल कानून आयोग

## ■अनुसूची–१

**(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)**

**उम्मेदवारको मनोनयनपत्र**

(प्रस्तावकले भर्ने)

श्री निर्वाचन अधिकृत,

निर्वाचन अधिकृतको कार्यालय,

................... गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति,

................... जिल्ला।

.................... जिल्लाको .................... गाउँपालिका/ नगरपालिका वडा नं. ...../गाउँ कार्यपालिका /नगर कार्यपालिका/ जिल्ला समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/ प्रमुख/उपप्रमुख/ वडा अध्यक्ष/सदस्य/महिला सदस्य/दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनको लागि श्री......................................... लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु । निजको विवरण निम्न बमोजिम छः–

१. नाम, थरः–.....................

जन्ममितिः–.....................उमेरः–........ वर्ष लिङ्गः– पुरुष/महिला/अन्य

ठेगानाः–.......................................................

२. शैक्षिक योग्यताः–.........................

३. पिता/माताको नामः–.......................................

४. पति/पत्नीको नाम, थरः– .....................................

५. ⊛मतदाता नम्बरः– ......................

गाउँपालिका/नगरपालिका .............................. वडा नं.............

---

■ पहिलो संशोधनद्वारा संशोधित ।

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

जिल्लाः—.......................................

............................. जिल्लाको ............................. गाउँपालिका/नगरपालिका वडा नं. ........... /गाउँ कार्यपालिका/नगर कार्यपालिका/जिल्ला समन्वय समितिको मतदाता नामावलीमा मेरो नाम समावेश छ र अन्य विवरण निम्न बमोजिम छः—

१. नाम, थरः—.....................

उमेरः—............. वर्ष लिङ्गः— पुरुष/महिला/अन्य

ठेगानाः—....................................................... सम्पर्क नंः—......................

२. पिता/माताको नामः—.......................................

३. पति/पत्नीको नाम, थरः— ...............................

४. ⊛मतदाता नम्बरः—......................

५. सदस्य रहेको गाउँसभा/नगरसभाको नाम ...... (जिल्ला समन्वय समितिको हकमा मात्र)

मितिः— सहिछापः— ......................

प्रस्तावक

(समर्थकले भर्ने)

प्रस्तावक श्री............................... ले माथि उल्लेख गरे बमोजिम.......................... जिल्लाको.................... गाउँपालिका/ नगरपालिका वडा नं. ..... /गाउँ कार्यपालिका/ नगर कार्यपालिका/ जिल्ला समन्वय समितिको अध्यक्ष/ उपाध्यक्ष /प्रमुख /उपप्रमुख /वडा अध्यक्ष/ सदस्य/ महिला सदस्य/ दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनको लागि श्री ................................ लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु।

....................... जिल्लाको ..................... गाउँपालिका/नगरपालिका वडा नं. .........../ गाउँ कार्यपालिका/नगर कार्यपालिका/ जिल्ला समन्वय समितिको मतदाता नामावलीमा मेरो नाम समावेश छ र अन्य विवरण निम्न बमोजिम छः—

१. नाम, थरः—.....................

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

उमेरः— ............. वर्ष                                        लिङ्गः— पुरुष/महिला/अन्य

ठेगानाः—.........................................................सम्पर्क नंः—................

२. पिता/माताको नामः—.......................................

३. पति/पत्नीको नाम, थरः— .......................................

४. ❀मतदाता नम्बरः—......................

५. सदस्य रहेको गाउँसभा/नगरसभाको नाम ...... (जिल्ला समन्वय समितिको हकमा मात्र)

मितिः—                                        सहिछाप ......................

समर्थक

(मनोनीत उम्मेदवारले भर्ने)

मलाई श्री ................................... ले प्रस्ताव गरी उम्मेदवार मनोनयन गरे बमोजिम स्थानीय

तह निर्वाचन ऐन, २०७३ बमोजिम ................. जिल्लाको .................... गाउँपालिका/ नगरपालिका वडा नं. ..... / गाउँ कार्यपालिका /नगर कार्यपालिका/ जिल्ला समन्वय समितिको अध्यक्ष/ उपाध्यक्ष /प्रमुख/ उपप्रमुख/ वडा अध्यक्ष / सदस्य /महिला सदस्य / दलित महिला सदस्य / दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनको लागि उम्मेदवार हुन मेरो मञ्जुरी छ।

(क) म नेपालको संविधानप्रति पूर्ण निष्ठावान् रहनेछु।

(ख) निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिताको पालना गर्नेछु।

(ग) स्थानीय तह निर्वाचन ऐन, २०७३ र प्रचलित कानून बमोजिम ............ जिल्लाको ............... गाउँपालिका/नगरपालिका वडा नं. ..... / गाउँ कार्यपालिका /नगर कार्यपालिका/जिल्ला समन्वय समितिको अध्यक्ष /उपाध्यक्ष / प्रमुख / उपप्रमुख /वडा अध्यक्ष/ सदस्य/ महिला सदस्य/ दलित महिला सदस्य / दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनको लागि उम्मेदवार हुन मेरो योग्यता पुगेको छ।

(घ) संविधान, ऐन तथा यस नियमावली बमोजिम उम्मेदवार हुन अयोग्य रहेको छैन।

---

❀ दोस्रो संशोधनद्वारा संशोधित ।

(ङ) संविधानको धारा २९१ विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको छैन।

